# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
### विराटनगर, नेपाल ।

मिति : २०७६।१०।२५

श्री क्याम्पस प्रमुखज्यू,

ME Earthquake/ M. Sc. in Urban Design & Conservation / M. Sc. in Engineering Management/ M. Sc. in Information System Engineering अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः परीक्षा आवेदन फाराम भराई पठाउने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा **इञ्जिनियरिङ्ग** संकाय अन्तर्गत २०७६ सालमा सञ्चालन गरिने ME Earthquake/ M. Sc. in Urban Design & Conservation / M. Sc. in Engineering Management/ M. Sc. in Information System Engineering शैक्षिक कार्यक्रमहरूको **प्रथम र तेश्रो** सेमेष्टर नियमित तथा आंशिक परीक्षा आगामी **चैत्र महिनाको पहिलो सातादेखि** सञ्चालन हुने भएकोले त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०७६।११।१६ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०७६।११।१८ गतेसम्म बैंक भौचर जम्मा गरी मिति २०७६।११।२१ गतेभित्र नियमानुसारको परीक्षा शुल्क वापतको रकम नबिल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फाराम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ...... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।

**तपशिलः**

१) परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।

२) परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

३) परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फाटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

४) परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

५) परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।

६) कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।

७) परीक्षा शुरू हुनुभन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन **Online Entry** गरी **Hard Copy** प्रमाणित गरी पठाई सक्नुपर्नेछ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

८) परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | (क) परीक्षा शुल्क २०२० समूहदेखि नियमित तथा आंशिक परीक्षार्थीहरूलाई | रू.२,१००।- प्रति विद्यार्थी |
| | (ख) परीक्षा शुल्क अन्य समूह तथा सेमेष्टर नियमित | रू.१,६००।- प्रति विद्यार्थी |
| २. | आंशिक १ विषय | रू.६००।- प्रति विद्यार्थी |
| ३. | आंशिक २ विषय | रू.१,१००।- प्रति विद्यार्थी |
| ४. | आंशिक २ भन्दा बढी विषय | रू.१,६००।- प्रति विद्यार्थी |
| ५. | विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र) | रू.१,०००।- प्रति विद्यार्थी |
| ६. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म) | रू.२,०००।- प्रति विद्यार्थी |
| ७. | विलम्ब शुल्क (परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म) | रू.३,०००।- प्रति विद्यार्थी |
| ८. | **सम्बन्धन शुल्क (नियमित):** | |
| | ME Earthquake/ M.Sc. in UDC/ M.Sc. in EM/ M. Sc. in ISE | रू.११,०००।- प्रति विद्यार्थी |

**नोटः** १) क्र.सं. ६ र ७ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन शुरूहुने परीक्षालाई शुरू भएको दिन मानिनेछ ।
२) कुरियर मार्फत परीक्षा फारामहरू नपठाउनु होला ।

सह-परीक्षा नियन्त्रक